नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३६) काठमाडौं, भदौ २ गते २०४३ साल (संख्या १९

भाग ३

श्री ५ को सरकार

भूमिसुधार मन्त्रालयको सूचना

साझा संस्था नियमहरू, २०४३

साझा संस्था ऐन, २०४१ को दफा २६ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "साझा संस्था नियमहरू, २०४३" रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यी नियमहरूमा,

(क) "ऐन" भन्नाले साझा संस्था ऐन, २०४१ सम्झनुपर्छ ।

(ख) "समिति" भन्नाले संस्था वा संघको सञ्चालक समिति सम्झनुपर्छ ।

(ग) "व्यवस्थापक" भन्नाले नियम २५ बमोजिम नियुक्त व्यवस्थापक सम्झनुपर्छ ।

३. दर्ताको लागि दरखास्तको ढाँचाः ऐनको दफा ४ बमोजिम संस्था वा संघ दर्ता गर्नको लागि महानिर्देशकसमक्ष अनुसूची–१ को ढाँचामा दरखास्त दिनुपर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. दर्ताको प्रमाणपत्रः ऐनको दफा ५ बमोजिम महानिर्देशकले संस्था वा संघलाई दर्ताको प्रमाणपत्र दिंदा अनुसूची २ को ढाँचामा दर्ताको प्रमाणपत्र दिनु पर्नेछ ।

५. शेयरको दरखास्तः (१) ऐनको दफा ६ को उप-दफा (१) बमोजिम संस्थाको शेयर खरिद गर्न चाहने नेपाली नागरिकले अनुसूची ३ को ढाँचामा समितिमा दरखास्त दिनु पर्नेछ ।

(२) उप-नियम (१) बमोजिम दरखास्त दिंदा दरखास्तवालाले सो दरखास्त साथ आफूले लिने शेयरको शुल्क र विनियममा तोकिएको प्रवेश शुल्कसमेत बुझाउनु पर्नेछ ।

६. सदस्यता कायम नरहने अवस्थाः देहायको अवस्थामा संस्थामा सदस्यता कायम रहनेछैन :—

(क) संस्थाको विनियमले तोकिदिएको योग्यता नभएमा,

(ख) संस्थाको सदस्यले संस्थाको समितिको अध्यक्षसमक्ष एक महिना अगावै लिखितरूपमा राजिनामा पेश गरेमा ।

तर संस्थाको कुनै सदस्यले संस्थाबाट लिएको ऋण चुक्ता गर्न बाँकी रहेछ भने त्यस्ता सदस्यले र त्यस्तो सदस्यको जमानी बस्ने संस्थाको अरू कुनै सदस्यले संस्थाको सदस्यताबाट राजिनामा गर्न पाउनेछैन ।

७. शेयरको फिर्ता लिनेः नियम ६ बमोजिम कुनै सदस्यको सदस्यता संस्थामा कायम नरहेमा निजले शेयर खरिद गरी संस्थामा लगानी गरेको रकम विनियममा तोकिएको अवस्थामा फिर्ता गरिनेछ ।

८. सदस्यको मृत्यु भएमा हकवालाको नामसारीः (१) संस्थाको कुनै सदस्यको मृत्यु भएमा निजको नाममा रहेको शेयर र संस्थाबाट निजलाई प्राप्त हुने हक निजले नियम ९ बमोजिम मनोनीत गरेको कुनै हकवाला भए सो हकवाला र त्यस्तो हकवाला नभए प्रचलित कानूनबमोजिमको हक हकवालाको नाममा नामसारी गरी दिनु पर्नेछ ।

तर त्यस्तो हकवालामा संस्थाको विनियमले सदस्यको लागि तोकिदिएको योग्यता नपुग्ने भएमा निजले सदस्यको मृत्यु भएको मितिले ६ महिनाभित्र सदस्यताको लागि योग्य अरू कुनै व्यक्तिको नाममा नामसारी गराई पाउँ भनी दरखास्त दिएमा त्यस्तो व्यक्तिको नाममा नामसारी गरी दिनु पर्नेछ ।

(२) उप-नियम (१) बमोजिम मृत सदस्यको हक हकवालाले नामसारी गराई लिन नचाहेमा निजले पाउने रकम निजलाई फिर्ता दिनु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. हकवाला मनोनीत गर्नेः (१) नियम ८ को प्रयोजनको लागि हकवाला मनोनीत गर्दा दुई जना साक्षीका रोहवरमा लिखितरूपमा हकवाला मनोनीत गरी सो लिखतमा मनोनीत गर्ने सदस्य र साक्षीहरूले सहीछापसमेत गरेको हुनु पर्नेछ ।

(२) उप–नियम (१) बमोजिम हकवाला मनोनीत गर्ने सदस्यले संस्थाको एकभन्दा बढी शेयर लिएको नभएमा एउटा व्यक्तिलाई मात्र हकवाला मनोनीत गर्न सक्नेछ ।

(३) संस्थाको कुनै सदस्यले उप–नियम (२) का अधीनमा रही एकभन्दा बढी व्यक्तिहरूलाई हकवाला मनोनीत गरेकोमा त्यस्ता प्रत्येक व्यक्तिलाई हस्तान्तरण हुने शेयर वा हकको बाँडफाँड स्पष्ट रूपले लिखतमा खुलाउनु पर्नेछ ।

(४) यस नियम बमोजिम मनोनीत भएको व्यक्ति नाबालक भएमा मृत सदस्यको हक बापत निजले पाउने रकम निजको संरक्षक र संरक्षक नभए दुई जना साक्षीको रोहवरमा बुझिलिएको भरपाई गराई दिनु पर्नेछ ।

१०. संस्था वा संघले राख्नु पर्ने बहीखाता एवं दर्ता किताबः संस्था वा संघले आफ्नो काम कारवाही सञ्चालन गर्न देहाय बमोजिम बहीखाता एवं दर्ता किताब राख्नुपर्नेछः–

(क) अनुसूची–४ बमोजिमको सदस्य दर्ता किताब,

(ख) साधारण सभा, विशेष सभा, कार्यकारिणी सभा र सञ्चालक समितिको छुट्टाछुट्टै कारवाही किताब,

(ग) नगदी बही,

(घ) संस्था वा संघले अरू कुनै व्यक्ति वा संस्थासंग कुनै कारोवार गरेको भए सो कारोवार देखाउने दर्ता किताब,

(ङ) शेयर दर्ता किताब,

(च) स्टक दर्ता किताब,

(छ) ऋण लेनदेन गरेको दर्ता किताब,

(ज) बेरूजू एवं सम्परिक्षण खाता,

(झ) व्यक्तिगत खाता,

(ञ) समय समयमा महानिर्देशकले तोकिदिएको अन्य दर्ता किताबहरू ।

११. कोष र कोषको उपयोगः (१) प्रत्येक संस्था वा संघको एउटा छुट्टै कोष हुनेछ, जसमा देहायका रकमहरू रहनेछन्ः–

(क) ऋण लगाएत संस्था वा संघले आर्जन गरेको सबै किसिमको आम्दानी,

(ख) श्री ५ को सरकारबाट प्राप्त रकम,

३३३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) विदेशी सरकार र अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्रदान गरिएको रकम,

(घ) अन्य श्रोतबाट प्राप्त गरेको रकम।

(२) उप-नियम (१) बमोजिमको कोषको रकम विनियममा तोकिएको कार्यमा संस्था वा संघले खर्च गर्न सक्नेछ।

(३) उप-नियम (१) बमोजिमको कोषको रकम संस्था वा संघले कुनै संस्थाको शेयर खरिदको लागि खर्च गर्न वा उक्त संस्थामा जम्मा गरी राख्न सक्नेछ।

(४) उप-नियम (१) बमोजिमको कोषको रकम नेपाल अधिराज्यभित्रको कुनै पनि बैंकमा संस्था वा संघको नाममा खाता खोली राख्नु पर्नेछ।

(५) कोषको खाताको सञ्चालन समितिले तोकेको व्यक्ति र व्यवस्थापकको संयुक्त दस्तखतबाट हुनेछ।

१२. नाफाको वितरणः (१) संस्था वा संघको कुनै वर्षको खुद नाफाबाट ऐनको दफा १६ मा लेखिए बमोजिमको रकम जगेडा कोषमा जम्मा गरी बाँकी रहन आएको रकमलाई शत प्रतिशत मानी महानिर्देशकले समय समयमा तोकिदिएको हद-सम्मको रकम देहायका कोषहरूमा राख्न सकिनेछः–

(क) शेयर लाभांश कोष,

(ख) संरक्षित कोष,

(ग) कर्मचारी बोनस कोष,

(घ) साझा शिक्षा कोष,

(ङ) साझा विकास कोष,

(च) घाटा पूर्ति कोष,

(छ) समय समयमा महानिर्देशकले तोकिदिएको अरू कोषहरू।

(२) साझा शिक्षा कोष र साझा विकास कोषमा जम्मा गरिएको रकम सो कोषको उद्देश्य पूर्तिको लागि राष्ट्रिय साझा संघलाई दिन सम्बन्धित संस्था वा संघलाई महानिर्देशकले निर्देशन दिन सक्नेछ।

१३. महानिर्देशकद्वारा सोधपूछ : (१) कुनै संस्था वा संघले सन्तोषजनक काम नगरेको भनी सो संस्था वा संघको कम्तीमा एक तिहाई सदस्यको आवेदन परेमा महानिर्देशकले आफैं गई सोधपूछ गर्न वा लिखितरूपमा अरू अधिकारीलाई अधिकार दिई सोधपूछ गराउनु पर्नेछ।

(२) उप-नियम (१) बमोजिम महानिर्देशक वा निजबाट अधिकार पाएको अधिकारीले सोधपूछ गर्दा मागेको जानकारी वा अरू कुनै किसिमको सहयोग गर्नु सो संस्था वा संघको प्रत्येक सदस्य वा कर्मचारीको कर्तव्य हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उप-नियम (१) बमोजिम गरिएको सोधपूछको परिणामको सूचना सो संस्था वा संघलाई लिखित रूपमा दिनु पर्नेछ ।

१४. हिसाब जाँचः (१) ऐनको दफा १५ को उप-दफा (१) बमोजिम संस्था वा संघको हिसाब जाँच गर्दा म्याद नाघेको ऋणहरू भए त्यसको जाँच र सो संस्था वा संघको जायजेथा र ऋणको मूल्याङ्कन समेत गर्नुपर्छ ।

(२) ऐनको दफा १५ को उप-दफा (१) बमोजिम हिसाब जाँचको निमित्त महानिर्देशक वा निजबाट अधिकार पाएका व्यक्तिलाई देहायबमोजिमको अधिकार हुनेछ :–

(क) हिसाब जाँच गर्न लागेको संस्था वा संघको लेनदेन कारोबार वा कार्य प्रबन्धको सम्बन्धमा ठोस जानकारी दिन सक्ने जस्तो देखिएको सो संस्था वा संघको हाल वा साबिकवाला कर्मचारीलाई झिकाउने ।

(ख) खण्ड (क) बमोजिम झिकाइएका कर्मचारीसंग भएको सो संस्था वा संघको कारोबारसम्बन्धी दर्ता किताब, बहीखाता, लिखत वा नगदी जिन्सी जायदात वा धरौटीको विवरण पेश गर्न लगाउने ।

(ग) हिसाबमा कुनै त्रुटि भएको देखिएमा सम्बन्धित व्यक्तिसित लिखित रूपमा स्पष्टिकरण माग्ने ।

(३) महानिर्देशकबाट अधिकार पाएका व्यक्तिले उप-नियम (१) र (२) बमोजिम हिसाब जाँच गरिसकेपछि देहायका कुराहरू समेत खोली महानिर्देशक समक्ष प्रतिवेदन पठाउनु पर्नेछ र महानिर्देशकले पनि सो प्रतिवेदनको एक प्रति सम्बन्धित संस्था वा संघको समितिमा पठाउनु पर्नेछ ।

(क) सोधनी वा कैफियत तलब गरेको कुराको यथाशीघ्र जवाफ पाए नपाएको।

(ख) हिसाब किताब र आर्थिक विवरण पत्रहरू महानिर्देशकको निर्देशानुसार राखे नराखेको ।

(ग) समिति, सदस्य वा कर्मचारीले ऐन, यस नियमावली वा विनियम विपरीत काम कारवाही गरेको वा नगरेको वा बेहिसाब गरेको वा नगरेको वा संस्था वा संघलाई अन्य कुनै किसिमबाट हानी नोक्सानी गरेको वा नगरेको ।

(घ) संस्था वा संघको काम कारोबार सन्तोषजनक रूपबाट सञ्चालन भए नभएको ।

(ङ) अन्य आवश्यक देखिएका कुराहरू ।

(च) संस्था वा संघको प्रगतिको लागि कुनै सुझाव भए सो समेत ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१५. प्रारम्भिक साधारण सभा : (१) संस्था वा संघ दर्ता भएको मितिले तीन महिनाभित्र संस्थापक सदस्यहरूले सो संस्था वा संघको सदस्यहरूको साधारण सभा बोलाउनु पर्नेछ। यसरी बोलाइएको सभालाई प्रारम्भिक साधारण सभा मानिनेछ।

(२) उपनियम (१) बमोजिम कुनै संस्था वा संघको प्रारम्भिक साधारण सभा बोलाइएको छैन भनी सो संस्था वा संघको कुनै सदस्यले महानिर्देशकसमक्ष दरखास्त दिएमा महानिर्देशकले तोकिदिएको व्यक्तिले प्रारम्भिक साधारण सभा बोलाउन सक्नेछ। यसरी दरखास्त नपरेमा पनि उप-नियम (१) मा लेखिएको म्याद गुज्रेको मितिले तीन महिनाभित्र महानिर्देशकले तोकिदिएको व्यक्तिले त्यस्तो सभा बोलाउन सक्नेछ।

(३) प्रारम्भिक साधारण सभाले देहायका कार्यहरू गर्नेछः–

(क) सभाको सभापतिको निर्वाचन गर्ने।

(ख) अघिल्लो दिनसम्म संस्था वा संघले गरेको काम कारवाहीको हर हिसाबको जानकारी लिने।

(ग) विनियममा तोकिएबमोजिम समितिको निर्वाचन गर्ने।

१६. साधारण सभा : (१) संस्था वा संघले प्रारम्भिक साधारण सभा भएको एक वर्षभित्र साधारण सभा बोलाउनु पर्नेछ र त्यसपछि प्रत्येक वर्ष आर्थिक वर्ष पूरा भएको छ महिनाभित्र र आवश्यकतानुसार समय समयमा साधारण सभा बोलाउनु पर्नेछ।

(२) उप-नियम (१) बमोजिम कुनै संस्था वा संघको साधारण सभा बोलाइएको छैन भनी सो संस्था वा संघको कुनै सदस्यले महानिर्देशक समक्ष दरखास्त दिएमा महानिर्देशकले तोकिदिएको व्यक्तिले साधारण सभा बोलाउन सक्नेछ। यसरी दरखास्त नपरेमा पनि उप-नियम (१) मा लेखिएको म्याद गुज्रेको मितिले तीन महिनाभित्र महानिर्देशकले तोकिदिएको व्यक्तिले त्यस्तो सभा बोलाउन सक्नेछ।

(३) साधारण सभाले देहायका कार्यहरू गर्नेछः–

(क) सदस्य नभएका व्यक्तिहरूसित संस्था वा संघले बढीमा कतिसम्म ऋण वा धरौटी लिन सक्ने हो त्यसको अङ्क तोक्ने।

(ख) संस्था वा संघले सदस्यहरूलाई ऋण दिने भए प्रत्येक सदस्यले बढीमा कतिसम्म ऋण पाउने हो त्यसको अङ्क तोक्ने।

३३५
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) लेखा परीक्षकले पेश गरेको हिसाब किताबको प्रतिवेदन र महानिर्देशक वा निजबाट अधिकार पाएका व्यक्तिले सोधपुछ वा हिसाब जाँचबुझ गरी नियम १३ को उप-नियम (३) र नियम १४ को उप-नियम (३) बमोजिम दिएको सूचना र प्रतिवेदनको विवरणउपर विचार गर्ने ।

(घ) संस्था वा संघले गरेको अन्य आवश्यक काम कारवाही उपर विचार गर्ने ।

१७. साधारण सभामा मत दिने अधिकार : (१) संस्था वा संघको साधारण सभामा पेश भएका प्रत्येक प्रस्ताव सभामा उपस्थित सदस्यहरूको बहुमतबाट निर्णय गरिनेछ र मत बराबर भएमा सभापतिले निर्णयात्मक मत दिनेछ ।

(२) नियम १६ को उप-नियम (१) र (२) बमोजिम बस्ने प्रत्येक सभाका लागि उपस्थित सदस्यहरूले आफूमध्येबाट एउटा सभापति छान्नेछन् ।

(३) संस्था वा संघको चार खण्डको एक खण्ड सदस्य उपस्थित भएमा सभा सञ्चालन गर्न गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) उप-नियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सभा सञ्चालनको लागि पहिलो पटक गणपूरक संख्या नपुगी दोस्रो पटक बोलाइएको सभामा कम्तीमा पाँच जना सदस्य उपस्थित भए सभा सञ्चालनको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

१८. संस्था वा संघको प्रतिनिधि मनोनीत गर्ने : एउटा संस्था वा संघको तर्फबाट अर्को संस्था वा संघमा प्रतिनिधित्व गर्न समितिले विनियममा तोकिएको शर्तका अधीनमा रही सदस्यहरूमध्येबाट एकजना प्रतिनिधि मनोनीत गर्नेछ ।

१९. विशेष साधारण सभा : (१) संस्था वा संघको हिसाब किताबको जाँचबुझ गर्दा कुनै कारणले विशेष साधारण सभा बोलाउन आवश्यक देखिएमा लेखा परीक्षकले त्यस्तो सभा बोलाउनको निमित्त महानिर्देशक समक्ष दरखास्त दिन सक्नेछ । यसरी दरखास्त परेमा महानिर्देशक वा निजबाट अधिकार प्राप्त अधिकारीले सभा बोलाउन सक्नेछ ।

(२) संस्था वा संघको चार खण्डको एक खण्ड सदस्यहरूको दरखास्त परेमा वा अरू कुनै कारणबाट आवश्यक देखिएमा महानिर्देशक वा निजबाट अधिकार प्राप्त अधिकारीले विशेष साधारण सभा हुने समय एवं स्थान निर्धारित गरी सो संस्था वा संघको विशेष साधारण सभा बोलाउन सक्नेछ ।

(३) संस्था वा संघको कम्तीमा पाँचजना सदस्यहरू उपस्थित भएमा सभा सञ्चालनको लागि गणपूरक संख्या पुगेको मानिनेछ । यसरी सञ्चालन हुने सभाले

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नियम १६ बमोजिमको अधिकार प्रयोग गर्न सक्नेछ । यस्तो सभाको सभापतित्व महानिर्देशक वा निजबाट अधिकार प्राप्त अधिकारीले गर्नेछ ।

तर सभामा मत दिने अधिकारको प्रयोग महानिर्देशक वा निजबाट अधिकार प्राप्त अधिकारीले गर्न सक्नेछैन ।

२०. सञ्चालक समिति : (१) प्रत्येक संस्था वा संघमा कम्तीमा पाँच जना र बढीमा पन्ध्र जना सञ्चालक भएको एउटा सञ्चालक समिति रहनेछ ।

(२) सञ्चालकहरूले आफूमध्येबाट छानेको कुनै एक जना सञ्चालक समितिको अध्यक्ष हुनेछ ।

(३) उप-नियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रिय साझा संघको सञ्चालक समितिको गठन र राष्ट्रिय साझा संघको काम कर्तव्य तथा अधिकार सो संघको विनियममा तोकिए बमोजिम हुनेछ ।

२१. सञ्चालकहरूको निर्वाचन : (१) सञ्चालकहरूको नियुक्ति नियम २२ को अधीनमा रही संस्था वा संघको साधारण सभाले निर्वाचनद्वारा गर्नेछ ।

(२) विनियममा तोकिएको प्रक्रिया अपनाई उप-नियम (१) बमोजिमको निर्वाचित सञ्चालकहरूको पदावधि तीन वर्षको हुनेछ ।

(३) राजिनामा गरी वा अन्य कुनै कारण परी सञ्चालकको पद रिक्त हुन आएमा सो रिक्त पदको पूर्ति सदस्यहरूमध्येबाट समितिले गर्नेछ ।

(४) सञ्चालकहरूको नियुक्ति रितपूर्वकको निर्वाचनद्वारा भएको छैन भन्ने कुराको उजूरी कुनै सदस्यले दिन चाहेमा निर्वाचन भएको मितिले पैंतीस दिनभित्र महानिर्देशकसमक्ष दिनु पर्नेछ । त्यस्तो उजूरीमा महानिर्देशकले गरेको निर्णय अन्तिम मानिनेछ ।

(५) श्री ५ को सरकारले शेयर खरिद गरेको संस्था वा संघको समितिमा त्यस्तो शेयरको दामासाहीले हुन आउने सञ्चालकहरू महानिर्देशकले नियुक्त गर्न सक्नेछ । पचास प्रतिशतभन्दा बढी शेयर श्री ५ को सरकारले लिएको खण्डमा समितिको अध्यक्ष समेत महानिर्देशकले नियुक्ति गर्न सक्नेछ । त्यसरी नियुक्त भएको सञ्चालकहरूको अधिकार र दायित्व निर्वाचित सञ्चालक सरह हुनेछ ।

(६) कुनै कारणले कुनै संस्था वा संघको काम कारोबार राम्रोसंग सञ्चालन भएको छैन भन्ने महानिर्देशकलाई लागेमा निजले सो संस्था वा संघको समितिमा चार जना सदस्यसम्म मनोनीत गरी सोहीमध्येबाट कसैलाई अध्यक्ष तोक्न सक्नेछ ।

३३८

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२२. सञ्चालकको पदमा नियुक्त हुन वा बहाल रहन नसक्ने अवस्था : (१) देहायका कुनै व्यक्ति सञ्चालकको पदमा निर्वाचित वा नियुक्त हुन सक्नेछैन:–

(क) एक्काइस वर्ष उमेर नपुगेको,

(ख) मगज बिग्रेको वा बौलाएको,

(ग) साहूको ऋण तिर्न नसकी दामासाहीमा परेको,

(घ) संस्था वा संघको कुनै ठेक्का पट्टा वा कारोबारमा कुनै प्रकारको निजी स्वार्थ भएको,

(ङ) संस्था वा संघको सम्पत्ति हिनामिना गरेको तिर्न बाँकी ऋण समयमा नतिरी भाखा नधाएको,

(च) संस्था वा संघले सञ्चालन गरे जस्तै कारोबार निजी तवरमा सञ्चालन गरेको,

(छ) संस्था वा संघसंग गरेको सम्झौता बारम्बार उल्लङ्घन गर्ने गरेको,

(ज) महानिर्देशकले समय समयमा निर्धारण गरेको साझासम्बन्धी अनुशासन भङ्ग गर्ने गरेको,

(झ) नियम ३२ को उप-नियम (१) बमोजिम बेचबिखन प्रशोधन जस्तो कार्य गर्न तोकिएकोमा त्यस्ता कार्य संस्था वा संघमार्फत नगर्ने गरेको ।

(२) देहायको अवस्थामा कुनै व्यक्ति सञ्चालकको पदमा बहाल रहनेछैन:–

(क) उप-नियम (१) मा लेखिएबमोजिम सञ्चालकको पदमा निर्वाचित वा नियुक्ति हुन नसक्ने अवस्थाको भएमा,

(ख) उचित कारण खोली समितिलाई लिखितरूपमा जनाउ नदिई लगातार तीन पटकसम्म समितिको बैठकमा अनुपस्थित रहेमा,

(ग) साधारण सभाको दुई तिहाई बहुमतले मुनासिब कारण देखाई हटाउने निर्णय गरेमा,

तर महानिर्देशकबाट नियुक्ति हुने सञ्चालकहरूको हकमा यो खण्ड लागू हुनेछैन ।

(घ) निजले आफ्नो पदबाट दिएको राजिनामा स्वीकृत भएमा,

(ङ) ऐन र यस नियमावली बमोजिम सञ्चालकको पदबाट हटाउने निर्णय भएमा ।

२३. सञ्चालक समितिको काम, कर्तव्य र अधिकार : (१) ऐन, यस नियमावली र विनियममा लेखिएका कुराहरू र साधारण सभाद्वारा समय समयमा गरिएका निर्णयहरूका अधीनमा रही संस्था वा संघको सम्पूर्ण काम कारोबारको प्रबन्ध, अधिकारहरूको प्रयोग र कर्तव्यको पालन समितिले गर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) संस्था वा संघको काम कारवाही चलाउन समितिले आवश्यक कर्मचारीहरू नियुक्त गर्न सक्नेछ ।

(३) कुनै सञ्चालकले संस्था वा संघलाई हानी पुग्ने गरी वा आफूलाई व्यक्तिगत फाइदा हुने गरी कुनै काम गर्न हुँदैन ।

(४) सञ्चालकको हैसियतबाट काम गर्ने व्यक्तिले आफ्नो अधिकार क्षेत्र नाघी गरेको कुनै कारवाहीप्रति संस्था वा संघ उत्तरदायी हुने छैन ।

२४. सञ्चालक समितिको बैठक : (१) समितिको बैठक एक वर्षमा कम्तीमा छ पटक गर्नु पर्नेछ ।

तर दुई बैठकको बीचको अवधि तीन महिनाभन्दा बढी हुनु हुँदैन ।

(२) समितिको बैठकमा सञ्चालकहरूको जम्मा संख्याको कम्तीमा पचास प्रतिशत सञ्चालकहरू उपस्थित भएमा बैठक सञ्चालनको लागि गणपूरक संख्या पुगेको मानिनेछ । पहिलो पटक गणपूरक संख्या नपुगी दोस्रो पटक बोलाइएको बैठकमा कम्तीमा तेंतीस प्रतिशत सञ्चालक उपस्थित भएमा पनि समितिको बैठक सञ्चालन हुन सक्नेछ ।

(३) समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिन सक्नेछ ।

(४) समितिको बैठकमा उपस्थित सञ्चालकहरू, छलफल भएको विषय र तत्सम्बन्धमा भएको निर्णयको विवरण छुट्टै किताब (माइन्यूट बुक) मा लेखी राख्नुपर्छ ।

२५. व्यवस्थापकको नियुक्ति : (१) प्रत्येक संस्था वा संघमा दैनिक प्रशासन चलाउन समितिले एउटा व्यवस्थापकको नियुक्ति गर्नेछ ।

(२) राष्ट्रिय साझा संघको दैनिक कार्य सञ्चालन गर्ने प्रमुख व्यक्तिको नियुक्ति श्री ५ को सरकारले गर्नेछ ।

(३) श्री ५ को सरकारद्वारा नियुक्ति गरिएका कर्मचारीबाहेक कुनै खास किसिमको कामको लागि नियुक्त हुने कर्मचारीलाई संस्था वा संघले नियुक्ति गर्दा त्यस्तो कर्मचारीबाट महानिर्देशकले तोकेबमोजिमको जमानत नलिई नियुक्ति गर्नु हुँदैन ।

(४) उप-नियम (३) बमोजिम जमानत लिई संस्था वा संघले नियुक्ति गर्नु पर्ने कर्मचारीलाई यो नियमावली लागू हुनुभन्दा अघि जमानत नलिई नियुक्ति

३८०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरिएको भएपनि त्यस्तो कर्मचारीबाट संस्था वा संघले लिनु पर्ने जमानत लिनु पर्नेछ ।

२६. भैसकेको काम कारवाहीको मान्यता : कुनै सञ्चालकको निर्वाचन वा नियुक्तिका सम्बन्धमा ऐन, यस नियमावली र विनियम अन्तर्गतको कुनै व्यवस्थाको पालन भएको छैन भन्ने कुरा पछि ठहरिन गएमा त्यसरी ठहरिनु भन्दा अगावै त्यस्तो सञ्चालकले गरेको काम कारवाही सो कुराले मात्र बदर हुनेछैन ।

२७. उप-समितिको गठन : (१) महानिर्देशकले तोकिदिएको खास किसिमका संस्था वा संघको कार्यक्षेत्रभित्र पर्ने पञ्चायतको प्रत्येक वडामा एक उप-समिति गठन हुनेछ ।

(२) उप-नियम (१) बमोजिमको उप-समितिमा त्यस्तो संस्था वा संघको सम्बन्धित वडामा रहेका सदस्यहरूमध्येबाट विनियममा तोकेबमोजिम निर्वाचित वा मनोनीत सदस्यहरू रहनेछन् ।

(३) उपनियम (१) बमोजिमको उप-समितिको काम, कर्तव्य र अधिकार विनियममा तोकिएबमोजिम हुनेछ ।

२८. कार्यकारिणी सभाको गठन : (१) नियम २७ को उप-नियम (१) बमोजिम गठन भएको संस्था वा संघको कार्यक्षेत्रभित्र पर्ने सम्पूर्ण उप-समितिका सदस्य-हरूको एक कार्यकारिणी सभा हुनेछ । समितिको अध्यक्ष र सदस्य कार्यकारिणी सभाको पदेन अध्यक्ष र सदस्य हुनेछन् ।

(२) उप-नियम (१) बमोजिमको कार्यकारिणी सभाको काम, कर्तव्य र अधिकार विनियममा तोकिएबमोजिम हुनेछ ।

२९. अधिकतम ऋण: (१) संस्था वा संघले सदस्य बाहेक अन्य कुनै व्यक्तिसित बढीमा कतिसम्म ऋण वा धरौटी लिन सक्छ भन्ने कुराको सम्बन्धमा महानिर्देशकले दिएको निकासाको अधीनमा रही साधारण सभामा निर्धारित गरिनेछ ।

(२) उप-नियम (१) बमोजिम निर्धारित गरिएको अधिकतम ऋण वा धरौटीको रकम आवश्यकतानुसार महानिर्देशकले घटाउन सक्नेछ ।

(३) महानिर्देशकले उप-नियम (१) बमोजिम दिएको निकासा वा उपनियम (२) बमोजिम घटाएको रकममा बढी हुने गरी धरौटी लिन हुँदैन ।

(४) उप-नियम (१) बमोजिम अधिकतम ऋणको रकम निर्धारण गर्दा कुनै संस्था वा संघलाई कारोबार सञ्चालन गर्न बाधा उत्पन्न हुन जान्छ भन्ने महानिर्देशक-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लाई लागेमा उप-नियम (१), (२) र (३) को व्यवस्था त्यस्ता संस्था वा संघका हकमा नलाग्ने गरी निजले आदेश दिन सक्नेछ ।

३०. ऋण दिने संस्था वा संघको समितिका सदस्यले पारिश्रमिक नपाउने : (१) ऋण दिने मूल उद्देश्य लिई गठन भएको संस्था वा संघको समितिका सदस्यहरूले त्यस्तो समितिको सदस्य भै काम गरे बापत पारिश्रमिक वा अरु कुनै किसिमको भत्ता पाउनेछैन ।

(२) उप-नियम (१) को बखिलाप त्यस्तो समितिको कुनै सदस्यले कुनै काम गरे बापत पारिश्रमिक वा भत्ता पाएको रहेछ भने सो पाएको रकम निजबाट सो संस्था वा संघबाट लिएको ऋण सरह असूल उपर गरिनेछ ।

३१. समितिको सदस्यले ऋण पाउने हद : ऋण दिने मूल उद्देश्य लिई गठन भएको संस्था वा संघको समितिका सदस्यहरूलाई ऋण दिंदा त्यस्तो संस्था वा संघको काम कारवाही एवं व्यवहार चलाउन निर्धारित गरिएको पूंजीको पच्चीस प्रतिशत भन्दा बढी हुने गरी दिन हुँदैन ।

तर महानिर्देशकको विचारमा कुनै ऋण दिने संस्था वा संघको पूंजी थोरै छ भन्ने लागेमा त्यस्तो संस्था वा संघको हकमा यो नियम लागू नहुने गरी आदेश दिन सक्नेछ ।

३२. उत्पादनको बेचबिखन : (१) सदस्यहरूले गरेको उत्पादनमा निजहरूले आफ्नो उपभोगको लागि राखी बढी हुन आएको उत्पादन जति संस्था वा संघले चाहेमा आफैंले खरिद गरी वा आफू मार्फत अन्य कुनै संस्था वा संघबाट बिक्री वितरण गर्न गराउन सक्नेछ ।

(२) उप-नियम (१) बमोजिम बिक्री वितरण गर्नु गराउन संस्था वा संघले गरेको व्यवस्थाको उल्लङ्घन गरी उत्पादनको बेचबिखन गर्ने सदस्यलाई संस्था वा संघले दिइरहेको वा दिने सहुलियत वा अन्य सुविधा पूर्ण वा आंशिक रूपले नपाउने व्यवस्था गर्न सक्नेछ ।

३३. लिक्वीडेटरको अधिकार : (१) ऐनको दफा १९ अन्तर्गत नियुक्त लिक्वीडेटरले महानिर्देशकको निर्देशन र नियन्त्रणमा रही देहायको अधिकारहरू प्रयोग गर्न पाउनेछः—

(क) विघटन भएका संस्था वा संघबाट असूल हुन बाँकी रहेको रकम चुक्ता गर्नकोलागि सो संस्था वा संघका हालवाला वा साविकवाला सदस्य-हरू वा मृत सदस्यहरूको जायजेथाबाट बाँकी रकम असूल उपर गर्ने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) विघटन भएका संस्था वा संघसंग कुनै साहूको कुनै रकम बाँकी लागी राखेको रहेछ र सो कुरा संस्था वा संघको हिसाब किताबमा चढाइएको रहेनछ भने त्यस्ता साहूले यो यति म्यादभित्र सो रकमको दावा गर्न आउनु भनी वा सो बाँकी लागेको प्रमाणित नभएसम्म त्यति रकम वितरण नगरियोस् भनी दावा गर्न आउनु भनी सूचना गर्ने ।

(ग) साहूहरूमध्ये कसलाई प्राथमिकता दिने भन्ने प्रश्न उठेमा त्यसको निर्णय गर्ने ।

(घ) लिक्वीडेशनको खर्च कुन कुन व्यक्तिबाट कति कति भराउनुपर्छ भन्ने कुराको निर्णय गर्ने ।

(ङ) संस्था वा संघ विघटन गर्ने सिलसिलामा संस्था वा संघको जायजेठा जम्मा गर्ने र वितरण गर्ने सम्बन्धमा आवश्यक निर्देशन दिने ।

(च) महानिर्देशकको पूर्व स्वीकृति लिई संस्था वा संघले गरेको वा संस्था वा संघको विरूद्धमा गरिएको दावीको सम्बन्धमा दुवै पक्ष बीचमा मिलापत्र गराउने ।

(छ) लिक्वीडेशनको लागि आवश्यक देखेमा सदस्यहरूको बैठक बोलाउने ।

(ज) संस्था वा संघको किताब, लिखित र जायजेथाको जिम्मा लिने ।

(झ) संस्था वा संघको सम्पत्ति बेचबिखन गर्ने ।

(ञ) संस्था वा संघको लाभका निम्ति सो संस्था वा संघलाई विघटन गर्न आवश्यक देखिएमा तत्सम्बन्धी कारवाही चलाउने ।

(ट) संस्था वा संघको जायजेथा वितरण गर्ने योजना महानिर्देशकबाट स्वीकृत भै आएपछि त्यसको वितरण गर्ने ।

(२) उप-नियम (१) बमोजिमका अधिकारहरूको प्रयोग गर्दा लिक्वीडेटरले आवश्यक सम्झेमा संस्था वा संघको गठन, काम कारोबार, सम्पत्ति वा अन्य कुरा-हरूको सम्बन्धमा आवश्यक जानकारी प्राप्त गर्न पक्ष, विपक्ष, साक्षीहरू र संस्था वा संघको कुनै कर्मचारीहरूलाई आफू समक्ष उपस्थित गराई सोधपूछ गर्न सक्नेछ ।

३४. <u>लिक्वीडेशन नियन्त्रण गर्ने महानिर्देशकको अधिकारः</u> नियम ३३ बमोजिमको अधिकार प्रयोग गरी लिक्वीडेटरले गरेको कामलाई महानिर्देशकले दोहऱ्याई हेरी देहायबमोजिम गर्न सक्नेछः–

(क) निर्देशन विपरीत लिक्वीडेटरले जारी गरेको आदेश खारेज गर्न, बदल्न, वा आवश्यकतानुसार अर्को आदेश जारी गर्न,

३४२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) लिक्वीडेटरलाई पदबाट हटाउन,
(ग) संस्था वा संघको किताब, लिखित र जायजेथाहरू पेश गराउन,
(घ) नियम ३३ बमोजिमको लिक्वीडेटरको अधिकारमा आफूलाई उपयुक्त लागेको हद बन्देज तोकी दिन,
(ङ) लिक्वीडेटरले जाँचेको हिसाब किताबको प्रतिवेदन लिन,
(च) संस्था वा संघको जायजेथा वितरण गर्ने अधिकार दिन, र
(छ) लिक्वीडेटरले पाउने पारिश्रमिक एवं भत्ताको निमित्त आवश्यक निर्देशन दिन ।

३५. लिक्वीडेशनको कामको समाप्ति : (१) ऐनको दफा १८ अन्तर्गत दर्ता खारेज गरिएको कुनै संस्था वा संघलाई विघटन गर्नु पर्दा सो संस्था वा संघको कोष र जगेडा कोषबाट देहायबमोजिमको प्राथमिकता क्रम अनुसार देहायमा लेखिएका कामको लागि खर्च गर्न सकिनेछः–
(क) लिक्वीडेशनको कामको निमित्त भएको खर्च दिन,
(ख) कर्मचारीलाई तलब र भत्ता दिन,
(ग) ऋण तिर्न,
(घ) शेयर पूंजी तिर्न,
(ङ) लाभांश नबाँडिएको समय जतिको हकमा प्रति वर्ष छ प्रतिशतका दरमा नबढाई लाभांश बाँड्न ।

(२) कुनै संस्था वा संघको लिक्वीडेशनको काम समाप्त भै सकेपछि पनि सो संस्था वा संघको कुनै साहूले वितरणको योजना अनुसार पाउनु पर्ने रकम लिन नआएमा लिक्वीडेशनको काम समाप्त भएको मितिले दुई वर्षभित्र उक्त संस्था वा संघको कोषउपर त्यस्तो साहूले आफूले पाउनु पर्ने रकमको निम्ति दावी गरी सक्नु पर्नेछ । सो म्याद नाघेपछि परेको दावीउपर कुनै कारवाही हुनेछैन ।

(३) उप-नियम (१) मा लेखिएका काममा खर्च गरी सक्दा पनि सम्बन्धित संस्था वा संघको कोष वा जगेडा कोषको रकम बाँकी रहन आएमा उक्त रकम महा-निर्देशकको निर्देशन बमोजिम व्यवस्थापकले कुनै सार्वजनिक काममा लगाउन वा अरू कुनै संस्था वा संघको कोष, जगेडा कोष वा बैङ्कमा जम्मा गरी राख्नु पर्नेछ ।

३६. लिलाम बिक्री गर्दा अपनाउनु पर्ने कार्यविधिः (१) ऐनको दफा १३ बमोजिम संस्था वा संघको बाँकी बक्यौता असूल उपर गर्नु पर्ने व्यक्तिको जायजेथा लिलाम बिक्री गरी असूल उपर गर्दा महानिर्देशक वा निजबाट अधिकार प्राप्त अधिकारीले देहाय बमोजिमका कार्यविधि अपनाउनु पर्नेछः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) बाँकी बक्यौता तिर्नु बुझाउनु पर्ने ठहर भएको व्यक्तिको नाममा बाटाको म्याद बाहेक पैंतीस दिनभित्र तिर्नु बुझाउनु पर्ने रकम तिर्न बुझाउन आउनु र उक्त रकम तिरी बुझाई सकेको भए त्यसको प्रमाण पेश गर्न आउनु भनी पूर्जी पठाउनुपर्छ। यसरी म्याद पूर्जी जारी गरिएकोमा उक्त म्यादभित्र तिर्नु बुझाउनु पर्ने रकम तिर्न बुझाउन नआएमा वा तिरी बुझाई सकेको प्रमाण पेश नगरेमा निजको जायजेथा लिलाम बिक्री गर्ने सूचना प्रकाशित गर्नु पर्नेछ ।

(ख) धितो राखेको घर जग्गा जमिन मालपोत कार्यालयबाट रोक्का गराइएको छैन भने रोक्का गर्न लगाई त्यसको प्रमाण राख्नु पर्नेछ ।

(ग) धितो राखेका चल अचल सम्पत्ति लिलाम बिक्रीको सूचना प्रकाशित गर्दा धितोको विवरण, निजले बुझाउनु पर्ने साँवा, व्याज र हर्जानाको रकम समेत उल्लेख गरी सूचना प्रकाशित गरेको मितिले चल सम्पति भए पन्ध्र दिनभित्र र अचल सम्पत्ति भए पैंतीस दिनभित्र लिलाम बिक्री गरी साँवा व्याज र हर्जानाको रकम असूल उपर गरिने बारेको सूचना स्थानीय पञ्चायत र सार्वजनिक स्थानमा टाँस गरी स्थानीय वा राष्ट्रियस्तरको कुनै एक पत्र-पत्रिकामा प्रकाशित गर्नु पर्नेछ ।

(घ) लिलाम बिक्री गर्दा कार्यालय खुल्ने समयदेखि शुरु गरी बन्द हुने समयभन्दा एक घण्टा अगाडि समाप्त गर्नु पर्नेछ । लिलाम बिक्री हुने भनी तोकिएको दिन बिदा पर्न गएमा त्यसको भोलिपल्ट सोही स्थान र समयमा लिलाम बिक्री गर्नु पर्नेछ ।

(ङ) धितो लिलाम बिक्री गर्दा लिलाम गरिने चल अचल सम्पत्तिको पञ्चकृति मोल कायम गरी सोही रकमबाट डाँक बढाबढ गरी शुरु गर्नु पर्नेछ । डाँक बोल्न उपस्थित भै डाँक बढाबढ गर्ने व्यक्तिहरु-मध्ये सबभन्दा बढी डाँक बोल्ने व्यक्तिका नाममा लिलाम बिक्री स्वीकृति गर्नु पर्नेछ ।

(च) डाँक बोल्न शुरु गरी बढाबढ गर्नेले डाँक अङ्क बोलेपछि विनियमले तोके बमोजिमको ढाँचाको फाराममा निजले बोलेको अङ्क स्पष्ट खोली निजको सहीछाप गराउनु पर्नेछ ।

(२) उप-नियम (१) बमोजिम लिलाम बिक्री गर्दा अञ्चलाधीश कार्यालय, जिल्ला कार्यालय, मालपोत कार्यालय, र लिलाम बिक्री

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हुने ठाउँ नजिक कुनै सरकारी कार्यालय भए सो कार्यालयले खटाएको प्रतिनिधि र स्थानीय पञ्चायतका सदस्यहरूलाई साक्षी राखी मुचुल्का गराई लिलाम बिक्री गर्नु पर्नेछ ।

(३) लिखित रूपमा अनुरोध गर्दा पनि उप-नियम (२) मा लेखिएका कुनै कार्यालयको प्रतिनिधि खटी नआएमा पनि उपस्थित प्रतिनिधि वा पञ्चायतका सदस्यहरूलाई साक्षी राखी लिलाम बिक्री गर्नु पर्नेछ ।

(४) बाँकी बक्यौता असूल उपर गर्न जुन व्यक्तिको चल अचल सम्पत्ति लिलाम बिक्री गरिने हो सो व्यक्तिलाई लिलाम बिक्री हुने समय र ठाउँ तोकी उपस्थित हुने सूचना पठाउनु पर्नेछ ।

तर सो दिन सरोकारवाला व्यक्ति उपस्थित नभएमा पनि लिलाम बिक्री गर्न बाधा पुगेको मानिनेछैन ।

३७. लिलाम बिक्री स्थगित गर्न सक्ने: लिलाम बिक्रीको सूचना प्रकाशित भै सकेपछि मनासिब माफिकको कारण परी सो लिलाम बिक्री स्थगित गर्नुपर्ने महानिर्देशकलाई लागेमा निजले त्यस्तो लिलाम बिक्री केही समयको लागि स्थगित गर्न सक्नेछ ।

३८. असूल उपर हुन नसकेको रकम अरू जायजेथाबाट असूल उपर गर्ने: (१) धितो राखेको सम्पत्ति लिलाम बिक्री गर्दा आएको रकमबाट साँवा, ब्याज र हर्जानाको रकम असूल उपर हुन नसकेमा बाँकी बक्यौता असूल उपर गर्नुपर्ने व्यक्तिको हक भोगको नेपाल अधिराज्यको जुनसुकै ठाउँमा रहेको सम्पत्तिबाट एक वर्षभित्र नियम ३६ को कार्यविधि अपनाई लिलाम बिक्री गरी असूल उपर गर्नु पर्नेछ ।

(२) मोहीले लिएको ऋणको हकमा निजले कमाएको बाली लिलाम बिक्री गरी साँवा ब्याज र हर्जानाको रकम समेत असूल उपर गर्नु पर्नेछ ।

(३) उप-नियम (१) बमोजिम लिलाम बिक्री गर्दा लिलाम बिक्री हुने दिन-सम्मको साँवा ब्याज र हर्जानाको रकम असूल उपर गरी बाँकी हुन आएको रकम सरोकारवाला व्यक्तिलाई फिर्ता गर्नु पर्नेछ ।

३९. लिलाम सकार्ने व्यक्तिबाट रकम असूल गर्ने: (१) लिलाम बिक्रीको कार्य सकिनासाथ लिलाम सकार गर्ने व्यक्तिबाट सकार गरेको मूल्यको पच्चीस प्रतिशत रकम उसै दिन धरौटीको रूपमा लिई राख्नु पर्नेछ । बाँकी पचहत्तर प्रतिशत रकम लिलाम

३८५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सकारेको मितिले सातदिनभित्र बुझाई सक्नु पर्नेछ । सो म्यादभित्र नबुझाएमा धरौटी बापत राखेको रकम जफत हुने व्यहोराको कागज गराई राख्नुपर्नेछ ।

(२) लिलाम सकार्ने व्यक्तिले सकार गरेको मूल्यको पच्चीस प्रतिशत रकम उसै दिन नबुझाएमा निजपछि सबैभन्दा बढी डाँक बोल्ने व्यक्तिको नाममा लिलाम सदर गर्नु पर्नेछ ।

(३) लिलाम सकार गर्ने व्यक्तिले यस नियम बमोजिम सकार गरेको पूरा मूल्य बुझाएमा निजको नाउँमा सो जायजेथा प्रचलित कानून बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज समेत गरी दिनको लागि संस्था वा संघले सम्बन्धित कार्यालयमा लेखी पठाउनु पर्नेछ ।

४०. <u>लिलाम बिक्री नभएमा जायजेथा, संस्था वा संघको स्वामित्वमा रहने:</u> नियम ३६ र ३८ बमोजिम लिलाम बिक्री गर्नुपर्ने जायजेथा लिलाम बिक्री गर्दा कसैले नसकारेमा संस्था वा संघले उक्त जायजेथाको स्वामित्व आफूमा लिन सक्नेछ र त्यस्तो स्थितिमा सम्बन्धित सरकारी कार्यालयहरूले संस्था वा संघको जनाउ बमोजिम आफ्नो कार्यालयमा रहेको स्रेस्तामा तदनुसार रजिष्ट्रेशन वा दाखिल खारेज गरी दिनु पर्नेछ ।

४१. <u>खर्च असूल गर्ने:</u> संस्था वा संघले बाँकी बक्यौता असूल उपर गर्नुपर्ने व्यक्तिको जायजेथा लिलाम बिक्री गरी बाँकी बक्यौता असूल उपर गर्दा साँवा, ब्याज र हर्जानाको रकम र लिलाम बिक्री गर्दा लागेको सबै किसिमको खर्च कटाई असूल उपर गर्नु पर्नेछ ।

४२. <u>मिनाहा गर्न नहुने:</u> संस्था वा संघले असूल गर्नुपर्ने ऋण वा अरू कुनै रकम महा-निर्देशकको स्वीकृति नलिई मिनाहा गर्नु हुँदैन ।

४३. <u>बेरुजू नियमित गराउनु पर्ने:</u> संस्था वा संघको कर्मचारीसंग नियमित गराउनु पर्ने बेरुजूको हकमा लेखा परीक्षण भएको लगत्तै पछिको आर्थिक वर्षभित्र बेरुजूको रकम नियमित गराई सक्नु पर्नेछ । सो अवधिभित्र बेरुजूको रकम नियमित नगराएमा सम्बन्धित कर्मचारीसंग उक्त रकम बाँकी बक्यौता सरह नियम ३६ को कार्यविधि अपनाई असूल उपर गर्नु पर्नेछ ।

४४. <u>जगेडा कोष:</u> (१) ऐनको दफा १६ बमोजिम संस्था वा संघको प्रत्येक वर्षको खुद नाफाको घटीमा एक चौथाइ रकम जम्मा गरी राख्न एउटा छुट्टै जगेडा कोष रहनेछ ।

(२) उप-नियम (१) बमोजिमको कोष अविभाज्य रहनेछ र कुनै सदस्यले पनि यसमा जम्मा रहेको रकममा दावी गर्न पाउनेछैन ।

३८८
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४७. महानिर्देशकलाई विवाद सुम्पने: (१) संस्था वा संघको काम कारोबारको सम्बन्धमा उठेको विवादको समाधानको लागि देहायका पक्षहरूले सो विवाद महानिर्देशकलाई सुम्पनु पर्नेछ ।

(क) हालवाला वा साबिकवाला सदस्य वा मृत्यु भइसकेको सदस्यहरूको हकदारको बीचमा ।

(ख) हालवाला वा साबिकवाला सदस्य वा मृत्यु भइसकेको सदस्यहरूको हकदार र संस्था, समिति वा संस्था वा संघको कर्मचारी बीचमा ।

(ग) हालवाला वा साबिकवाला सदस्य वा संघको कर्मचारी वा संस्था वा संघको मृत्यु भइसकेका कर्मचारीको हकदार र संस्था वा संघको बीचमा ।

(घ) कुनै एक संस्था वा संघ र अरू कुनै संस्था वा संघको बीचमा ।

स्पष्टिकरण: यस उप-नियमको प्रयोजनको लागि कारोबारसम्बन्धी विवाद भन्नाले ऋणको दावी र क्षतिपूर्तिको भागलाई जनाउँछ ।

(२) उप-नियम (१) बमोजिम महानिर्देशकलाई सुम्पिएको विवादको समाधान निज आफैले वा मध्यस्थहरूबाट गराउन सक्नेछ ।

४८. उजूर गर्न सक्ने: (१) नियम ४७ बमोजिमको विवादमा महानिर्देशक वा मध्यस्थले गरेको निर्णय उपर चित्त नबुझ्ने पक्षले पैंतीस दिनभित्र भूमिसुधार मन्त्रालयमा उजूर गर्न सक्नेछ ।

(२) लिक्वीडेटरले दिएको आदेश उपर चित्त नबुझ्ने पक्षले पैंतीस दिनभित्र महानिर्देशक समक्ष उजूर गर्न सक्नेछ ।

४९. ऋण लेनदेन गर्नमा प्रतिबन्ध: (१) संस्था वा संघले सदस्य बाहेक अरू कुनै व्यक्तिलाई ऋण दिन हुँदैन ।

(२) उप-नियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि महानिर्देशकको स्वीकृति लिई कुनै संस्था वा संघले अरू कुनै संस्था वा संघलाई ऋण दिन सक्नेछ ।

(३) संस्था वा संघले महानिर्देशकको स्वीकृति नलिई खेतीको पैदावार बाहेक अरू चल सम्पत्ति धरौटी लिई ऋण दिन हुँदैन ।

(४) श्री ५ को सरकारले साधारण वा विशेष आदेशद्वारा कुनै संस्था वा संघलाई अचल सम्पत्ति धितो बन्धक लिई ऋण दिन प्रतिबन्ध लगाउन सक्नेछ ।

५०. अरू कारोबार गर्नमा प्रतिबन्ध: (१) महानिर्देशकबाट स्वीकृत शर्त बन्देजका अधीनमा रही संस्था वा संघले सदस्यबाहेक अरू व्यक्तिसित पनि लेनदेन कारोबार गर्न सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप-नियम (१) मा लेखिए बमोजिम कारोबार साझा सिद्धान्तको विपरीत गरेको देखिएमा वा त्यस सम्बन्धमा स्वीकृत शर्त बन्देजको उल्लङ्घन भएको छ भन्ने लागेमा त्यस्तो लेनदेन कारोबार निषेध गर्न वा त्यसमा प्रतिबन्ध लगाउने अधिकार महानिर्देशकलाई हुनेछ ।

५१. बैङ्कसंग खबर माग्ने: महानिर्देशकले आवश्यक देखेमा संस्था वा संघले लेनदेन कारोबार गर्ने बैङ्कसंग देहायका कुराहरू माग्न सक्नेछः–

(क) संस्था वा संघसंग सो बैङ्कको लेनदेन व्यवहारसम्बन्धी कुनै खबर ।

(ख) बैङ्कसंग रहेको संस्था वा संघको हिसाबको नक्कल ।

(ग) संस्था वा संघको नाममा जम्मा हुने गरी भुक्तानी गरिएको वा संस्था वा संघले दरपिठ गरेको चेकहरू ।

५२. संस्था वा संघको निरिक्षण गर्नेः (१) महानिर्देशक वा निजबाट अधिकार प्राप्त अधिकारीले संस्था वा संघको निरिक्षण गर्न सक्नेछ ।

(२) महानिर्देशकबाट अधिकार प्राप्त अधिकारीले निरिक्षण गरेमा उक्त निरिक्षणबाट देखिएको संस्था वा संघको त्रुटिहरू सुधार गर्नको लागि समय समयमा महानिर्देशकबाट तोकिएको ढाँचामा निजले प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(३) प्रतिवेदनमा लेखिए बमोजिमको त्रुटिहरू सुधार गर्ने वा गर्न लगाउने कर्तव्य व्यवस्थापकको हुनेछ ।

५३. महानिर्देशकको निर्णय अन्तिम हुनेः कुनै व्यक्ति कृषक हो होइन वा एउटै जिल्ला, नगर, गाउँहरूका समूहभित्रको हो होइन वा एक गाउँ समूह खडा गर्न दुई वा दुई भन्दा बढी गाउँहरू सम्मिलित गर्ने नगर्ने वा कुनै व्यक्ति कुनै खास श्रेणी वा व्यवसायको हो होइन भन्ने कुराको विवाद पर्न आएमा त्यसको निर्णय गर्ने अधिकार महानिर्देशकलाई हुनेछ र निजले गरेको निर्णय अन्तिम हुनेछ ।

५४. कर्मचारीको नियुक्ति, सरुवा र बढुवासम्बन्धी व्यवस्थाः यी नियमहरूमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रत्येक संस्था वा संघमा दैनिक कार्य सञ्चालन गर्ने कर्मचारीहरूको नियुक्ति, सरुवा र बढुवा श्री ५ को सरकारले बनाएको नियम बमोजिम हुनेछ ।

५५. खारेजीः सहकारी संस्था नियमहरू, २०१८ लाई खारेज गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची – १
(नियम ३ संग सम्बन्धित)

श्री महानिर्देशकज्यू,

... ...

महोदय,

हामी देहायका व्यक्तिहरू । संघहरू । संस्थाहरू देहायका कुराहरू खोली देहायका संस्था । संघ दर्ता गरी पाउन निवेदन गर्दछौं । प्रस्तावित संस्था र संघको उद्देश्य अनुरूप संस्था । संघले तत्काल गर्ने कार्यसम्बन्धी योजना र प्रस्तावित संस्था । संघको विनियमको दुई प्रति पनि यसै साथ पेश गरेका छौं ।

१. संस्था । संघसम्बन्धी विवरण:

(क) प्रस्तावित । संस्था । संघको नाम:–
(ख) ठेगाना:–
(ग) उद्देश्य:–
(घ) कार्यक्षेत्र:–
(ङ) दायित्व:–
(च) कुल शेयर पूंजी:–
(छ) बिक्री गर्ने शेयर संख्या र त्यसको रूपैयाँ :–
(ज) शेयरको लागि रूपैयाँ जम्मा रहेको ठाउँ (बैङ्क, संस्था, संघ वा व्यक्ति) र त्यसको प्रमाणपत्र:–

द्रष्टव्य: संस्था वा संघले आफ्नो ठेगाना हेरफेर गर्नु परेमा हेरफेर गरेको मितिले सात दिनभित्र त्यसको सूचना महानिर्देशक समक्ष पठाउनु पर्नेछ ।

३२१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. संस्थाको हकमा आवेदन गर्ने व्यक्तिहरूको विवरण र दस्तखतः–

सि. नं.	बाबुको नाम	आफ्नो नाम	थर	उमेर	ठेगाना	पेशा	शेयरको लागि बुझाएको रकम	दस्तखत	कैफियत

३. संघको हकमा आवेदन गर्ने संस्था वा संघको विवरण र सदस्यहरूको दस्तखतः–

(क)

सि. नं.	संस्था	संघको नाम	ठेगाना	शेयर पूंजी	सदस्य संख्या	दर्ता मिति

(ख)

सि.नं.	बाबुको नाम	आफ्नो नाम	थर	उमेर	ठेगाना	पेशा	शेयरको लागि बुझाएको रकम	दस्तखत	कैफियत

मितिः–

३५२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची– २

(नियम ४ संग सम्बन्धित)

श्री ५ को सरकार

. . . . विभाग

दर्ता नं.

साझा संस्था ऐन, २०४१ को दफा ५ बमोजिम . . . . लाई सिमित दायित्व भएको संस्था । संघमा दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएको छ ।

दर्ता गरेको मितिः–

दस्तखतः–

महानिर्देशक

साझा विकास विभाग

कार्यालयको छाप

अनुसूची– ३

(नियम ५ (१) संग सम्बन्धित)

श्री संचालक समिति,

. . . . साझा संस्था लिमिटेड ।

महाशय,

. . . . साल . . . . गते प्रकाशित त्यस संस्थाको विवरणपत्रको शर्तमा रू. . . . . दरको शेयर किन्न . . . . इच्छा भएकोले सो बापत लाग्ने शेयर शुल्क रू. . . . . प्रवेश शुल्क रू. . . . . यसै साथ पठाएको छु । संस्थाको नियम विनियम अनुसार सकल मेरो मञ्जूर भएकोले सदस्यहरूको दर्ता कितावमा मेरो नाम दर्ता गरी दिनु हुन अनुरोध गर्दछु ।

भवदीय,

(दरखास्तवालाको सही)

नामः–

मितिः–

ठेगानाः–

322

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची– ४

(नियम १० संग सम्बन्धित)

. . . . साझा संस्था लि.

सदस्य दर्ता किताब

सि.नं.	नाम	बाबुको नाम	ठेगाना	उमेर	पेशा	लिएको शेयर संख्या	सदस्य भएको मिति	मनोनीत व्यक्तिको नाम	उमेर	ठेगाना	सदस्यता भएको मिति	दस्तखत वा ल्याप्चे सही	कैफियत

आज्ञाले,
जीवनलाल सत्याल
श्री ५ को सरकारको का. मु. सचिव

346

मुद्रण विभाग, सिंहदरबार

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।